# श्री बाँके जिल्ला अदालतमा दायर गरेको

## दरखास्त-पत्र

**विषयः- विगो वापत कैदमा राखी पाउँ ।**

शिव शंकर प्रसाद जालानको नाती मधुसुदन प्रसाद जालानको छोरा जि.बाँके नेपालगन्ज उ.म.न.पा.वडा नं.८ घसियारन टोल बस्ने वर्ष ५७ को **राजेश कुमार जालान** मो.नं.९८०४५००७०१..................१ — **दरखास्तवाला वादी**

**विरुद्ध**

सैयद इसरारुल हक शाहको छोरा जि.बाँके नरैनापुर गा.पा.वडा नं.२ मियापुर्वा टोल बस्ने अं.वर्ष ५८ को **ईस्तियाक अहमद शाह** मो.नं.९८५८०८८७००/९८६८९३७१९८...............................१ — **विपक्षी प्रतिवादी**

**मुद्दा :- चेक अनादर ।**

म निवेदक निवेदन दस्तुर रु.१०।- राखी निम्न व्यहोराको निवेदन गर्दछु ।

१. वादी म राजेश कुमार जालान र प्रतिवादी ईस्तियाक अहमद शाह भएको मुद्दा नं.०७८-C४-०३३१ को चेक अनादर मुद्दामा मेरो दावी बमोजिम रु.३४,५०,०००।- अक्षरेपी चौतिस लाख पचास हजार रुपैया र चेक अनादर भएको पहिलो मिति २०७४।२।३ देखि विगो भरी भराउ हुदा सम्मको कानून बमोजिम हुने ब्याज समेत मैले प्रतिवादीबाट भरी पाउने ठहरी मिति २०८०।१।१३ गते यस सम्मानित अदालतबाट फैसला भई मिति २०८०।४।३१ गते फैसला प्रमाणिकरण समेत भई उक्त मुद्दामा प्रतिवादीले पुनरावेदन नगरी मुद्दा अन्तिम भएको छ ।

२. विगो भराउने प्रयोजनार्थ प्रतिवादीको नाम दर्ता हकभोग चलनको जेथाको सम्बन्धमा खोज तलास गर्दा मेरो विगो असुल उपर हुन सक्ने प्रतिवादीको नाममा कुनै स्वतन्त्र जेथा कही कतै फेला परेको छैन ।

३. विपक्षी प्रतिवादीको नाम दर्ताको कुनै स्वतन्त्र जेथा नभएको र प्रतिवादीले हालसम्म मेरो विगो रकम बुझाउन नआएको र विगो रकम बुझाउनुस भन्दा रकम दिन इन्कार गरेकाले विगो वापत मैले प्रतिवादीलाई २ वर्ष कैद गराउने ईच्छा भएकोले मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा १६५ बमोजिम प्रतिवादीलाई कैद राखी पाउन यो दरखास्त गरेको छु ।

४. अत: उक्त अनादर चेकका फैसला बमोजिमको विगो वापत प्रतिवादीलाई मैले कैदमा राख्न चाहेको हुदा मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा १६५ बमोजिम प्रतिवादीलाई २ वर्ष कैदमा राखी पाउ ।

५. फैसलाले प्रतिवादीलाई रु.२०००।- जरीवाना समेत भएकोले उक्त जरीवाना रकम समेत प्रतिवादीबाट असुल उपर गरी पाउँ ।

६. अदालतबाट तोकिएको तारेखमा रुजु हाजिर रहने छु । तारेख गुजारी बसेमा कानून बमोजिम होस ।

७. यस विषयमा यस बाहेक अन्य कुनै उजुरी निवेदन गरेको छैन ।

८. यो दरखास्त साथ मेरो नेपाली नागरिकता प्रमाण पत्रको फोटोकपी र श्री बाँके जिल्ला अदालतको फैसलाको नक्कलको फोटोकपी पेश छ ।

९. यसमा लेखिएको व्यहोरा ठिक छ फरक परे कानुन बमोजिम सहुला बुझाउला ।

**निवेदक**

**निजः राजेश कुमार जालान ।**

इति सम्वत् २०८० साल कात्तिक महिना १७ गते रोज ६ शुभम् ......................।